*– तपाईंलाई आफ्नो यात्रामा चाहिने जानकारीका लागि यी आइकनहरूमा क्लिक गर्नुहोस्।*

*लिङ्क छिटै आउँदै छ!*

## सेकेन्डरी ट्रान्जिसन

# रोडम्याप

अपाङ्गता भएका बालबालिकाहरूको परिवारका लागि,
उमेर 3-21
तपाईंको मार्ग यात्राको तयारी

### 1 प्रिकिन्डरगार्टेनदेखि ग्रेड 5 सम्म

तपाईंलाई आफ्नो बच्चाप्रतिको आशा र सपना बारे छिटो सोचियो भन्ने कहिल्यै हुँदैन; थप जानकारीका लागि प्रारम्भिक बाल मार्गचित्र हेर्नुहोस्।

### 2 ग्रेड 6-8

स्कुल डिस्ट्रिक्टहरूले स्कुल छोड्ने जोखिममा रहेका विद्यार्थीका लागि स्कुलको करियरसम्बन्धी सल्लाह नीतिमा आधारित रही सफलताको योजना विकास गर्न आवश्यक छ।

### 3 14 वर्ष हुँदा

स्कुल डिस्ट्रिक्टहरूले व्यक्तिकृत शिक्षा कार्यक्रम (Individualized Education Program, IEP) मा एउटा ट्रान्जिसन योजना बनाउनुपर्छ जुन विद्यार्थी 14 वर्ष वा उपयुक्त भएमा त्योभन्दा कम उमेरको हुँदा लागू हुन्छ। अपाङ्गता भएका ओहायोबासीका लागि अवसरहरू अन्तर्गत अपाङ्गता भएका ओहायोबासी व्यावसायिक पुनर्स्थापना सेवाका लागि आवेदन दिन योग्य छन्।

### 4 ग्रेड 9

स्कुल डिस्ट्रिक्टहरूले देहायका कार्य गर्नुपर्छ:

- ग्रेड 9 प्रवेश देखि ग्रेड 12 सम्म सबै विद्यार्थीका लागि दीक्षान्त (ग्रेजुएसन) योजना विकास गरी कायम गर्ने
- प्रत्येक वर्ष कुनै विद्यार्थी हाइस्कुल डिप्लोमा जान योग्य नहुने जोखिममा रहेको पहिचान भएमा अभिभावकलाई सूचित गर्ने

### सर्भिस प्लाजा 1

### 5 16 वर्ष

यदि तपाईंको बच्चाले विकासात्मक अपाङ्गता सम्बन्धी काउन्टी बोर्डको सेवाहरू प्राप्त गर्दैछ भने यो समयमा योग्यता समीक्षा गरिन्छ।

### सर्भिस प्लाजा 2

### 6 17 वर्ष

स्कुल डिस्ट्रिक्टले तपाईं र तपाईंको बच्चालाई 18 वर्षको उमेर पुगेपछि गरिनुपर्ने अधिकार हस्तान्तरणको बारेमा जानकारी गराउनुपर्छ

### 7 18 वर्ष

अभिभावकले विगतमा गरे जस्तै केही कानुनी र शैक्षिक छनोटहरू गर्ने अधिकार र जिम्मेवारी विद्यार्थीसँग हुन्छ, जस्तै आफ्नो IEP स्वीकृत गर्ने।

### तपाईंको बच्चा हाइस्कुल गन्तव्यमा पुग्यो

स्कुल डिस्ट्रिक्टले बच्चाको प्रदर्शन सारांश प्रदान गर्नुपर्छ

### 8 22 वर्ष

व्यक्तिहरू अब ओहायोमा अपाङ्गता भएका व्यक्तिसम्बन्धी शिक्षा ऐन (Individuals with Disabilities Education Act, IDEA) अन्तर्गत निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (Free Appropriate Public Education, FAPE) का लागि योग्य छैनन्।

Ohio | Department of Education

सेकेन्डरी ट्रान्जिसन

# रोडम्याप

अपाङ्गता भएका बालबालिकाहरुको परिवारका लागि, उमेर 3-21

## तपाईंको मार्ग यात्राको तयारी

**सुटकेसका लागि प्याकिङ आवश्यकताहरू**

कुनै पनि राम्रो यात्रामा जस्तै, योजना बनाउँदा यसले तपाईंलाई बाटोमा आफूले चाहेको धेरै गर्न र यात्राको आनन्द लिन मद्दत गर्न सक्छ। तपाईंको "ट्रान्जिसन सुटकेस" मा तपाईं र तपाईंको बच्चालाई हाइस्कुलपछि जीवनको तयारीमा मद्दत गर्ने धेरै वेबसाइट, स्रोतसामग्री र उपकरणहरू छन्। तपाईंले आफ्नो ट्रान्जिसन यात्राका लागि तयारी गर्दा आफ्नो बाटो छिचोल्न तपाईंको सुटकेस र यो ट्रान्जिसन मार्गचित्र प्रयोग गर्नुहोस्। यो ट्रान्जिसन मार्गचित्र पछ्याएर तपाईं आफ्नो बच्चालाई स्कुलबाट निस्केर पोस्टसेकेन्डरी जीवनमा अघि बढ्ने कार्यमा सहयोग गर्नका लागि राम्रोसँग तयार हुनुपर्छ।

- एजेन्सी पहिल्याउने उपकरण (Agency Navigation Tool) - एजेन्सी पहिल्याउने उपकरण आधारभूत जानकारीका साथै कुनै युवाको वयस्कतामा रुपान्तरणको समयमा संलग्न हुन सक्ने मुख्य एजेन्सीहरूको बारेमा प्रदान गर्ने स्रोत हो। यो उपकरण युवाहरू, उनीहरूको परिवार, स्कुल र एजेन्सीहरूका लागि उपयोगी छ।
- अभिभावकका लागि करियर जोड्ने फ्रेमवर्क मार्गदर्शन (Career Connections Framework Guide for Parents) - करियर कनेक्सन फ्रेमवर्क भनेको परिवारहरूलाई करियरसँग जोडिने सम्बन्धमा प्रेरित गरी घरमा नै बसेर करियरसँग जोडिने सेतुहरू निर्माण गर्न मद्दत गर्ने एउटा मार्गदर्शन हो।
- चार्टिंङ द लाइफकोर्स (Charting the LifeCourse) - चार्टिंङ द लाइफकोर्स फ्रेमवर्क भनेको अपाङ्गता भएका व्यक्ति र तिनका परिवारहरूले विचार, दूरदृष्टि र लक्ष्यहरूलाई व्यवस्थित गर्नका साथै समस्या समाधान गर्न, दिशा पहिल्याउन र सहयोगका लागि वकालत गर्न प्रयोग गरिने उपकरणहरूको समूह हो।
- अपाङ्गता लाभहरू 101 (Disability Benefits 101) - अपाङ्गता लाभहरू 101 ले तपाईंलाई रोजगारी, स्वास्थ्य कभरेज र लाभहरूबारे उपकरण र जानकारी प्रदान गर्दछ। व्यक्तिहरूले कसरी काम र लाभहरू सँगसँगै अघि बढ्न सक्छ भन्ने कुरा सिक्न सक्छन्।
- प्रारम्भिक ट्रान्जिसन योजना (Early Transition Planning) - परिवार र साझेदारहरूले जति छिटो वयस्कताको बारेमा सोच्न थाल्छन्, युवाहरू अगाडि आउने कुराका लागि त्यति नै राम्रोसँग तयार हुन्छन्। यो साइटमा रहेका विभिन्न स्रोतसामग्री, सहयोग र गतिविधिहरू हेर्नुहोस् जसले युवा शिक्षार्थीहरूलाई एउटा सफल वयस्क जीवन कस्तो देखिन सक्छ भन्ने बारे सोच्न सुरु गर्ने कार्यमा सक्रिय रुपमा सहभागी हुन मद्दत गर्दछ।
- अभिभावक परामर्शकर्ता (Parent Mentors) - परिवारहरूलाई उनीहरूको बच्चाका लागि विशेष शिक्षा प्रक्रिया र सेवाहरूबारे बुझ्न मद्दत गर्न ओहायोका अभिभावक परामर्शकर्ताहरू उपलब्ध छन्। Ohio State University र Ohio Department of Education को ओहायो प्यारेन्ट मेन्टर प्रोजेक्ट (Ohio Parent Mentor Project) वेबसाइटमा तपाईंले ओहायोमा रहेका अभिभावक परामर्शकर्ताहरू भेटिने ठाउँबारे जानकारी (नक्सांकन), विशेष शिक्षा प्रक्रियाको मार्ग पहिल्याउन मद्दत गर्ने भिडियो तथा उपकरण र घरमा नै सिक्नका लागि स्रोतसामग्रीहरू पाउनुहुनेछ।
- The Ohio Coalition for the Education of Children with Disabilities) - Ohio Coalition for the Education of Children with Disabilities (OCECD) ओहायो राज्यभरि कार्य गर्ने गैरनाफामुखी संस्था हो जसले ओहायोका अपाङ्गता भएका शिशु, भर्खर हिंड्न सुरु गरेका बच्चा, बालबालिका र युवाका परिवार, शिक्षा प्रदायक र उनीहरूलाई सेवा प्रदान गर्ने एजेन्सीहरूलाई सेवा तथा सहयोग उपलब्ध गराउँछ।
- Ohio Department of Education State SupportTeams - स्टेटवाइड सिस्टम अफ सपोर्टको एउटा हिस्सा रहेको स्टेट सपोर्ट टीमले ओहायोका प्रत्येक बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न निरन्तर सुधार प्रक्रिया मार्फत स्कुल, परिवार, क्षेत्रीय साझेदारहरू र शिक्षा विभागसँग सहकार्य गर्दछ।
- राइज अप (Rise Up) - राइज अप 14 देखि 21 वर्ष सम्मका ट्रान्जिसन उमेरका युवाका लागि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार हेर्ने संस्था Disability Rights Ohio (DRO) द्वारा विकास गरिएको एउटा मार्गदर्शन पुस्तिका हो। यस पुस्तिकामा व्यक्तिहरू वयस्क भएपछि उनीहरूले अनुभव गर्न सक्ने परिस्थितिहरूको बारेमा उपयोगी जानकारी छ।
- स्टेबल खाता (STABLE Account) - स्टेबल (STABLE) खाता अपाङ्गता भएका व्यक्तिहरूका लागि उपलब्ध रहेको लगानी खाता हो। स्टेबल खाताहरूले तपाईंलाई Medicaid वा सप्लिमेन्टल सेक्युरिटी आम्दानी (Supplemental Security Income, SSI) जस्ता सार्वजनिक लाभका कार्यक्रमका लागि योग्यता नगुमाई पैसा बचत गर्न र लगानी गर्न सहयोग गर्दछ। तपाईंको स्टेबल खातामा भएका आम्दानीहरूमा संघीय सरकारले लगाउने आयकर लाग्दैन, तर यो सुविधा तपाईंले सो आम्दानी योग्य अपाङ्गता खर्च (qualified disability expenses) भित्र रहेर खर्च गर्दासम्म मात्र हुनेछ।
- राज्यव्यापी परिवार सहभागिता केन्द्र (Statewide Family Engagement Center) - Ohio Statewide Family Engagement Center ले विद्यार्थी, अभिभावक, स्याहारकर्ता, स्कुल लिडर र कम्युनिटी साझेदारहरूलाई एकअर्कासँग सकारात्मक र कार्यगत सम्बन्धहरू निर्माण गर्न सशक्तीकरण गरी किन्डरगार्टेनदेखि ग्रेड 12 सम्मका विद्यार्थीहरूको शैक्षिक सफलतामा सहयोग गर्न सक्षम बनाउनेछ।

रोडम्यापमा फर्किनुहोस्

सेकेन्डरी ट्रान्जिसन

# रोडम्याप

अपाङ्गता भएका बालबालिकाहरूको परिवारका लागि, उमेर 3-21

## तपाईंको बच्चा प्रिकिन्डरगार्टेनदेखि ग्रेड 5 सम्ममा छ

तपाईंले आफ्नो बच्चाको जीवनका लागि आशा गरेका कुराबारे छिटो सोच्न र कुरा गर्न थालियो भन्ने कहिल्यै हुँदैन।

- प्रारम्भिक हस्तक्षेप (Early Intervention, EI) भनेको राज्यव्यापी प्रणाली हो जसले विकासात्मक ढिलाइ वा अपाङ्गता भएका 3 वर्ष मुनिका योग्य बालबालिकाका अभिभावकहरूलाई समन्वयात्मक सेवाहरू प्रदान गर्दछ। EI हेल्प मी ग्रो (Help Me Grow) सहयोग प्रणालीको हिस्सा हो। विकासात्मक अपाङ्गता भएका व्यक्तिहरूका लागि रहेका यी सेवा तथा सहयोगहरू काउन्टी स्तरमा विकासात्मक अपाङ्गता हेर्ने तपाईंको स्थानीय काउन्टी बोर्ड अफ डेभलपमेन्टल डिसअयाबिलिटिज (County Board of Developmental Disabilities, CBDD) द्वारा प्रदान गरिन्छ। CBDD ले योग्यता निर्धारण गर्दछ, तपाईंका आवश्यकताहरूको मूल्याङ्कन गर्दछ र कुन सेवाहरूले तपाईंलाई सबभन्दा राम्रोसँग सहयोग गर्न सक्छन् भन्नेबारे समन्वय गर्दछ। प्रारम्भिक हस्तक्षेप योग्यताबारे थप जानकारीका लागि यस लिङ्कमा क्लिक गर्नुहोस्।
- Ohio Department of Education ले तपाईंलाई आफ्नो बच्चाको यस सानो उमेरदेखि नै शिक्षाको मार्ग पहिल्याउन मद्दत गर्नका लागि प्रारम्भिक बाल मार्गचित्र पनि सिर्जना गर्दैछ। यो नयाँ स्रोतसामग्री हेर्नका लागि केही महिनामा डिपार्टमेन्टको वेबसाइट हेर्नुहोस्।
- Ohio Department of Education सँग प्रारम्भिक ट्रान्जिसन योजना बनाउने कार्यमा परिवार र स्कुलहरूलाई सहयोग गर्ने उपकरणहरू छन्। उदाहरणका लागि, Charting the LifeCourse जस्ता उपकरणहरूले परिवारहरूलाई ट्रान्जिसन बारेको कुराकानी सुरु गर्न मद्दत गर्न सक्छन्।

## तपाईंको बच्चा ग्रेड 6-8 मा छ

- विद्यार्थी सफलता योजना भनेको विद्यार्थी र तिनीहरूका परिवारहरूलाई करियर लक्ष्य हासिल गर्नका लागि शैक्षिक आवश्यकताहरू बुझ्न सहयोग गर्ने विद्यार्थी-केन्द्रित प्रक्रिया हो। यदि तपाईंको बच्चा स्कुल छोड्ने जोखिममा छ भने, तपाईंको बच्चाको स्कुल डिस्ट्रिक्टले उनीहरूका लागि विद्यार्थी सफलता योजना बनाउन जरुरी हुन्छ।
- स्कुल डिस्ट्रिक्टले विद्यार्थी सफलता योजना बनाउनु अघि तपाईंलाई यस योजनाको विकासमा सहयोग गर्नका लागि बैठकमा आमन्त्रित गर्नुपर्छ। तपाईंको बच्चाको विद्यार्थी सफलता योजना विकास गरिसकेपछि सो योजना पनि स्कुल डिस्ट्रिक्टले तपाईंसँग साझेदारी गर्नुपर्छ।

रोडम्यापमा फर्किनुहोस्

सेकेन्डरी ट्रान्जिसन

# रोडम्याप

अपाङ्गता भएका बालबालिकाहरूको परिवारका लागि, उमेर 3-21

## तपाईंको बच्चा 14 वर्षको हुँदैछ

IEP

मार्गदर्शन को भाषा

- तपाईंको बच्चाको स्कुल डिस्ट्रिक्टले तपाईंको बच्चाका लागि एउटा ट्रान्जिसन योजना बनाउनुपर्छ, व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP) को खण्ड 5।
- तपाईंको बच्चाको स्कुल डिस्ट्रिक्टले उमेर सुहाउँदो ट्रान्जिसन मूल्याङ्कन (Age-Appropriate Transition AATA) मार्फत तपाईंको बच्चाको बारेमा जानकारी सङ्कलन गर्नेछ। यो जानकारीमा तपाईंको बच्चाको रोजाइ (Preferences), रुचि (Interests), आवश्यकता (Needs) र सबल पक्षहरू (Strengths) पर्दछन् - यो जानकारीलाई कहिलेकाहीं छोटकरी PINS भनेर उल्लेख गरिन्छ।
- तपाईंको बच्चाको स्कुल डिस्ट्रिक्टले ट्रान्जिसन योजना सिर्जना गर्न AATA प्रक्रिया मार्फत सङ्कलन गरिएको जानकारी प्रयोग गर्नुपर्छ। तपाईंको बच्चाको ट्रान्जिसन योजनामा देहायका कुरा बारे जानकारी समावेश हुनेछ:
  - ट्रान्जिसन सेवाहरू,
  - अध्ययन गर्ने पाठ्यक्रम,
  - प्रशिक्षण र शिक्षासँग सम्बन्धित पोस्टसेकेन्डरी लक्ष्यहरू
  - स्वतन्त्र जीवन जिउने सीपसँग सम्बन्धित पोस्टसेकेन्डरी लक्ष्यहरू (यदि उपयुक्त भएमा), र
  - प्रतिस्पर्धात्मक एकीकृत रोजगारसँग सम्बन्धित पोस्टसेकेन्डरी लक्ष्यहरू।

## तपाईंको बच्चा ग्रेड 9 प्रवेश गर्दैछ

- 9औं ग्रेडबाट सुरु भई दीक्षान्त नहुँदासम्म जारी रहने गरी तपाईंको बच्चाको स्कुलले एउटा हाइस्कुल दीक्षान्त योजना विकास गर्न तपाईंको बच्चासँग काम गर्न (र तपाईंलाई यस प्रक्रियामा आमन्त्रित गर्न) आवश्यक छ।
- विद्यार्थीहरूका लागि हाइस्कुलबाट दीक्षान्त हुन पूरा गर्नुपर्ने धेरै आवश्यकताहरू छन्। दीक्षान्त योजनाले ती आवश्यकताहरू पूरा गर्न तपाईंको बच्चाले के गर्नुपर्छ भनेर चित्रण गर्नुपर्छ। यो योजना वार्षिक रूपमा अद्यावधिक हुने हुनाले यसले दीक्षान्त आवश्यकताहरू पूरा गर्ने क्रममा तपाईंको बच्चाको सफलता (वा त्यसमा रहेको कमी) को अभिलेख गर्नुपर्छ। यदि तपाईंको बच्चा एक वा एकभन्दा बढी आवश्यकताहरूमा पछि परेको कारणले दीक्षान्त नहुने जोखिममा छ भने स्कुल डिस्ट्रिक्टले तपाईंलाई सूचित गर्नुपर्छ।

रोडम्यापमा फर्किनुहोस्

सेकेन्डरी ट्रान्जिसन

# रोडम्याप

अपाङ्गता भएका बालबालिकाहरूको परिवारका लागि, उमेर 3-21

## सर्भिस प्लाजा 1


पहिलो सर्भिस प्लाजामा तपाईंको बच्चाका लागि 14 वर्षको उमेर वरपर विशेष रूपमा सान्दर्भिक हुने जानकारी छ। पहिलो लिङ्कले तपाईंलाई उमेर सुहाउँदो ट्रान्जिसन मूल्याङ्कन (तपाईंले यसलाई AATA भन्ने गरेको सुन्न सक्नुहुन्छ) का लागि एउटा योजना मार्गदर्शनमा लैजान्छ। तपाईंको बच्चालाई उनीहरूको जीवनका लक्ष्यहरू हासिलमा मद्दत गर्ने ज्ञान र सीपहरू विकास गर्न आवश्यक पर्ने शिक्षा, प्रशिक्षण र सहयोग प्राप्तिमा मद्दत गर्नका लागि उमेर सुहाउँदो ट्रान्जिसन मूल्याङ्कन गर्नु महत्त्वपूर्ण छ। दोस्रो लिङ्कको सूचक 13 चेकलिस्टले प्रशिक्षण, शिक्षा, रोजगारी र स्वतन्त्र जीवन जिउने सीपहरूका क्षेत्रमा उपयुक्त पोस्टसेकेन्डरी लक्ष्यहरू छन् वा छैनन् भनी निर्धारण गर्न तपाईं र तपाईंको बच्चाको व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP) टीमलाई मार्गदर्शन गर्न सक्ने प्रश्नहरू प्रस्तुत गर्दछ। यी उपकरणहरूले तपाईंको बच्चाले हाइस्कुलपछिको जीवनका लागि तयारी गर्दा उनीहरूलाई सहयोग गर्ने कुरामा तपाईंलाई मद्दत गर्न सक्छ।

- उमेर सुहाउँदो ट्रान्जिसन मूल्याङ्कन योजनासम्बन्धी मार्गदर्शन
- सूचक 13 चेकलिस्ट - *(लिङ्क पछि राखिने छ)*

## तपाईंको बच्चा 16 वर्षको भयो

- जब तपाईंको बच्चा 16 वर्षको हुन्छ, यदि तपाईंको बच्चा विकासात्मक अपाङ्गता हेर्ने काउन्टी बोर्ड अफ डेभलपमेन्टल डिसअयाबिलिटिज अन्तर्गत पाइने सेवाहरूका लागि योग्य छ भने तिनीहरूको योग्यता अब बालबालिकाको योग्यता निर्धारण गर्ने दस्तावेज (Children’s Ohio Eligibility Determination Instrument, COEDI) मा आधारित हुनेछैन। तिनीहरूको योग्यता अब समग्र योग्यता निर्धारण गर्ने Ohio Eligibility Determination Instrument (OEDI) मार्फत निर्धारण गरिन्छ। यदि तपाईंको बच्चाले यी सेवाहरू प्राप्त गर्दैछ र तपाईंले तिनीहरूलाई जारी राख्न चाहनुहुन्छ भने, OEDI प्रयोगकर्ता मार्गदर्शनिले तपाईंलाई यस प्रक्रियामा मद्दत गर्न सक्छ।

रोडम्यापमा फर्किनुहोस्



## सर्भिस प्लाजा 2

दोस्रो सर्भिस प्लाजामा ओहायो आइडी र ड्राइभर लाइसेन्स प्राप्त गर्ने बारे जानकारी प्रदान गर्ने दुई लिङ्कहरू रहेका छन्। फोटो सहितको आइडी कार्ड पहिचान गर्ने प्रयोजनका लागि मात्र हुन् र तपाईंको बच्चा हराएमा यसले उनीहरूलाई पत्ता लगाउन मद्दत गर्न सक्छन्। ओहायो आइडी कार्डका लागि कुनै न्यूनतम उमेर तोकिएको छैन। 15 ½ वर्षको उमेरमा एउटा अस्थायी ड्राइभिङ अनुमतिपत्र प्राप्त गर्न सकिन्छ र ड्राइभिङ अनुमतिपत्र लिएको छ महिना पछि एउटा परीक्षण कालको ड्राइभर लाइसेन्स प्राप्त गर्न सकिन्छ।

- स्टेट आइडी
- ड्राइभर लाइसेन्स

## तपाईंको बच्चा 17 वर्षको भयो

- परिपक्वताको उमेर भनेको एउटा व्यक्तिलाई वयस्क मानिने उमेर हो। ओहायोको परिपक्वता उमेर 18 वर्ष हो।
- तपाईंको बच्चा परिपक्वताको उमेर पुग्नुभन्दा कम्तिमा एक वर्ष अघि, स्कुल डिस्ट्रिक्टले तपाईंलाई र तपाईंको बच्चालाई IDEA अधिकारहरू 18 वर्षको उमेरमा तपाईंको बच्चालाई हस्तान्तरण हुनेछ भनी सूचित गर्नुपर्छ। तपाईंको बच्चाको IEP ले तपाईं र तपाईंको बच्चालाई उनीहरूको अधिकार बारेमा सूचित गरिएको छ भनेर उल्लेख गर्नुपर्छ। यदि आवश्यक भएमा 18 वर्षको उमेरमा तपाईंको बच्चालाई प्रदान गरिने सहयोगलाई निरन्तरता दिन तपाईंको स्कुल डिस्ट्रिक्टको तपाईंहरू सबैप्रति दायित्व रहन्छ।

रोडम्यापमा फर्किनुहोस्

सेकेन्डरी ट्रान्जिसन

# रोडम्याप

अपाङ्गता भएका बालबालिकाहरूको परिवारका लागि, उमेर 3-21

## तपाईंको बच्चा 18 वर्षको भयो

- तपाईंको बच्चासँग आफ्नै लागि निश्चित कानुनी र शैक्षिक छनोटहरू गर्ने अधिकार र जिम्मेवारी हुन्छ।

## तपाईंको बच्चा हाइस्कुल गन्तव्यमा पुग्यो

तपाईंको बच्चा वयस्क जीवनको यात्रामा जान तयार छ। तिनीहरूको सुटकेस तिनीहरूको यात्राभर सहयोग गर्ने स्रोतसामग्रीहरूले भरिएको छ।

- जब तपाईंको बच्चा हाइस्कुलबाट दीक्षान्त हुन्छन् वा हाइस्कुल छोड्छन्, तपाईंको बच्चाको स्कुल डिस्ट्रिक्टले तपाईंको बच्चाको शैक्षिक र कार्यगत प्रदर्शनको सारांश उपलब्ध गराउनुपर्छ। यस सारांशमा तपाईंको बच्चालाई उनीहरूको पोस्टसेकेन्डरी लक्ष्यहरू प्राप्त गर्न मद्दत गर्न सक्ने सिफारिसहरू पनि रहनुपर्छ।
- तपाईंले आफ्नो बच्चालाई प्रदान गरिएका सिफारिसहरूमा प्रगति गर्न मद्दत गरेर उनीहरूको पोस्टसेकेन्डरी सफलताका लागि सहयोग गर्न सक्नुहुन्छ।

## तपाईंको बच्चा 22 वर्षको भयो

- तपाईंको बच्चा अपाङ्गता शिक्षा ऐन (IDEA) अन्तर्गत प्राप्त हुने नि:शुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) का लागि अब योग्य छैन। यदि तपाईंको बच्चा स्कुल वर्षमा 22 वर्ष पुगेको छ भने स्कुल डिस्ट्रिक्ट नीतिले तपाईंको बच्चाले डिस्ट्रिक्टको स्कुल वर्ष पूरा गर्न सक्छ कि सक्दैन भनेर निर्धारण गर्नेछ।

रोडम्यापमा फर्किनुहोस्